# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०५) पोखरा, चैत १३ गते, २०७९ साल (अतिरिक्ताङ्क ४३

## भाग २

प्रदेश सरकार

**आर्थिक मामिला मन्त्रालयको सूचना**

## प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ६० ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अधिकार प्राप्त अधिकारी" भन्नाले यस नियमावली बमोजिम खर्च गर्ने वा सोको लागि निकासा दिने अधिकार पाएको अधिकारी सम्झनु पर्छ र सो शब्दले कायम मुकायम वा आर्थिक कारोबारसमेत गर्ने गरी निमित्त भई काम गर्ने अधिकारीलाई समेत जनाउँछ।

(ख) "एकीकृत वित्तीय विवरण" भन्नाले नेपाल सरकारबाट प्राप्त अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, प्रदेश सरकारको आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण तथा स्थानीय तहबाट प्राप्त आर्थिक कारोबारको विवरण समेतको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले एकीकृत गरी वार्षिक रूपमा तयार गर्ने विवरण सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ सम्झनु पर्छ।

(घ) "कार्यक्रम" भन्नाले निश्चित उद्देश्य प्राप्तिको लागि सञ्चालन हुने निश्चित अवधिको कार्यक्रम सम्झनु पर्छ र सो शब्दले वार्षिक विकास कार्यक्रमलाई समेत जनाउँछ।

(ङ) "केन्द्रीय निकाय" भन्नाले प्रदेश सरकारका मन्त्रालय, निकाय, आयोग, सचिवालय र प्रदेश सरकारको केन्द्रीयस्तरको कार्यसञ्चालन गर्ने निकाय सम्झनु पर्छ।

(च) "खर्च शीर्षक" भन्नाले खर्चको आधार शीर्षक, मूल शीर्षक तथा उपशीर्षक सम्झनु पर्छ।

(छ) "धरौटी रकम" भन्नाले कुनै काम टुङ्गो नलागे सम्मको लागि राखिएको सुरक्षण जमानत रकम (रिटेन्सन मनि वा अर्नेष्ट मनि) वा सो बापतको बिड बण्ड वा परफरमेन्स बण्ड सम्झनु पर्छ र सो शब्दले अन्य कुनै कारणले सुरक्षण राख्नु पर्ने भई सो बापत धरौटी खातामा राखिएको रकमलाई समेत जनाउँछ।

(ज) “प्रदेश स्रोत अनुमान समिति” भन्नाले नियम ११ बमोजिमको प्रदेश स्रोत अनुमान समिति सम्झनु पर्छ।

(झ) “बजेट मार्गदर्शन” भन्नाले ऐनको दफा ७ बमोजिम नीति तथा योजना आयोगले तयार गरेको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन सम्झनु पर्छ।

(ञ) “बजेट समिति” भन्नाले नियम १३ बमोजिमको बजेट समिति सम्झनु पर्छ।

(ट) “मध्यमकालीन खर्च संरचना" भन्नाले तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजाको खाका समावेश भएको खर्च संरचनाको खाका सम्झनु पर्छ।

(ठ) “लगती राजस्व” भन्नाले असुल गर्नुपर्ने भनी लगत राखिएको राजस्व सम्झनु पर्छ।

(ड) “लेखा परीक्षण तथा आन्तरिक नियन्त्रण समिति” भन्नाले ऐनको दफा ३१ बमोजिमको लेखा परीक्षण तथा आन्तरिक नियन्त्रण समिति सम्झनु पर्छ।

(ढ) “वस्तुगत सहायता” भन्नाले नेपाल सरकार, दातृ राष्ट्र वा संघसंस्थाहरुबाट प्राप्त भएको सम्पत्ति वा जिन्सी मालसामान सम्झनु पर्छ र सो शब्दले नेपाल सरकार, दातृ राष्ट्र वा संघसंस्थाहरु आफैले निर्माण गरी हस्तान्तरण गरेका स्थिर सम्पत्ति (टर्न की) लाई समेत जनाउँछ।

(ण) “विभागीय प्रमुख” भन्नाले केन्द्रीय निकाय वा सो अन्तर्गत रहेको विभाग वा विभाग सरहको अस्तित्व र कार्यक्षेत्र भएको बजेट अख्तियारी दिने केन्द्रीयस्तरको कार्यालयको प्रमुख सम्झनु पर्छ।

(त) “सरकारी कारोबार गर्ने बैंक” भन्नाले नियम ८ बमोजिम सरकारी कारोबार गर्न तोकिएको बैंक सम्झनु पर्छ।

(थ) “सरकारी बाँकी” भन्नाले ऐनको दफा ४५ बमोजिम प्रदेश सरकारले असुल गर्नुपर्ने भनी लगत राखिएको रकम सम्झनु पर्छ।

(द) “सरकारी रकम” भन्नाले ऐन, यस नियमावली तथा अन्य प्रचलित कानून बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई राजस्वको रूपमा वा अन्य कुनै किसिमबाट प्राप्त हुने र सङ्घीय सञ्चित कोष, प्रदेश सञ्चित कोष वा स्थानीय सञ्चित कोषबाट खर्च हुने रकम सम्झनु पर्छ।